# डुङ्गेश्वर गाउंपालिका

## गाउँ कार्यपालिका कार्यालय

### दैलेख

### कर्णाली प्रदेश , नेपाल

## डुंगेश्वर गाउँ कार्यपालिका का विनियोजन ऐन २०७५

प्रमाणिकरण मिति :२०७५।३।१७

प्रमाणित गर्नेको दस्तखत :

कार्यपालिकाबाट स्वीकृत मिति :२०७५।३।१५

# डुङ्गेश्वर गाउपालिकाको विनियोजन ऐन २०७५

**डुङ्गेश्वर गांउपालिका आर्थिक बर्ष २०७५/२०७६को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः .२०७५।३।१५

**प्रस्तावनाः**

डुङ्गेश्वर गाउपालिको आर्थिक बर्ष २०७५।०७६को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम डुगेश्वर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नामर प्रारम्भः**

(१)यस ऐनको नाम **"डुङ्गेश्वर गाउपालिको विनियोजन ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७४।०७५को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**:

(१)आर्थिकवर्ष २०७५।०७६को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २४४५८२१५९ (अक्षेरुपी चौविस करोड पैतालिस लाख वयासी हजार एक सय उन्साठी मात्र) मान बढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐन द्धारा सञ्चित कोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त डुङ्गेश्वर गाउँ कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनै मा अपुग हुने देखिन आएमा गाउ कार्यपालिकाले बचत हुने शीर्षक बाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षक बाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षक हरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोत बाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षक बाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चितकोष बाट विनियोजन हुने रकम**

## डुङ्गेश्वर गाउँपालिका कार्यालय ,दैलेख

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगतखर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **१** | २ | **३** | ४ | **५** | **६** | **७** |
| १ | | गाउँपालिका | ३०८७१००० | १६०६६७६५९ | ० | १८३९७४५०० |
| २ | | वडा समिति | १४३१२००० | ० | ० | १४३१२००० |
| ३ | | बिषयगत शाखा | १८५३१५०० | ० | ० | १८५३१५०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | सासु | २२०००००० | ० | ० | २२०००००० |
| | | कुल जम्मा | **८५७१४५००** | **१६०६६७६६५९** | **०** | **२४६३८२१५९** |